बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८३।८४
चलानी नम्बर :

मितिः २०८३/०५/१६

## विज्ञप्ति

मिति २०८३ भाद्र १० गते रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण भएको मानवीय तथा भौतिक क्षतिप्रति बाणगङ्गा नगरपालिका गहिरो दुःख व्यक्त गर्दछ। यस प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउनुहुने सम्पूर्ण प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना तथा घाइते एवम् प्रभावित नागरिकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौँ।

राष्ट्रिय विपद्को यस कठिन घडीमा बाढीबाट प्रभावित नागरिकहरूलाई राहत तथा पुनर्स्थापनाका लागि मितिः२०८३।०५।१६ गते बसेको नगर कार्यपालिका बैठकबाट निर्णय भए अनुसार जनप्रतिनिधि, कर्मचारी, शिक्षक तथा नगरपालिकाको विपद व्यवस्थापन कोषबाट एकमुष्ट रु.४५,००,०००।– (पैतालिस लाख) प्रधानमन्त्री दैवी प्रकोप उद्दारकोषमा आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

चक्रपाणी अर्याल
नगर प्रमुख

चक्रपाणी अर्याल
नगर प्रमुख

Scanned with CamScanner